लुम्बिनी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

मा. खेम बहादुर सारु
मन्त्री

## विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२४ को अवसरमा सन्देश !

किटाणुद्वारा हुने रोगहरुको उपचारमा प्रयोग हुने प्रतिजैविक (एण्टिमाईक्रोबियल / एण्टिबायोटिक) औषधी प्रभावहीन हुन सक्ने अवस्थालाई प्रतिजैविक प्रतिरोध (Antimicrobial resistance, AMR) भनिन्छ।

विश्वभर बहुऔषधी प्रतिरोध भएका ३० उच्च मुलुक मध्ये नेपाल पनि पर्दछ । प्रतिजैविक प्रतिरोध (antimicrobial resistance ) का कारण विश्व भर प्रति वर्ष करिब १३ लाख मानिसहरुको मृत्यु हुने गर्दछ। लुम्बिनी प्रदेशमा विभिन्न प्रकारका संक्रामक रोगहरुको प्रकोप उच्च रहेकोले यसका उपचारका लागि प्रतिजैविक (anti-microbial) औषधिहरुको प्रयोग जथाभावी अत्याधिक रहेको पाईएको छ। प्रतिजैविक (anti-biotic) औषधिहरुको समुचित प्रयोग नभएको खण्डमा प्रतिजैविक प्रतिरोध हुने सम्भावना उच्च रहन्छ जसले गर्दा बिरामीहरूको प्रभावकारी उपचार हुन नसक्दा विरामीहरुमा आर्थिक भार थपिनुका साथै मृत्यु पनि हुन सक्दछ।

यसै परिप्रेक्ष्यमा समुदायमा सचेतना फैलाउन सप्ताहव्यापी **"बुझौं, बुझाऔं, आजैबाट रोकथाममा जुटौं"** भन्ने नाराका साथ मनाइदै गरिएको विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२४ (१८-२४ नोभेम्बर)को उपलक्ष्यमा सबैमा सुसुचित हुन आव्हान गर्दछु ।

म सम्पुर्ण प्रदेशबासीहरुमा प्रतिजैविक प्रतिरोध रोकथाम तथा नियन्त्रणका लागि सरुवा रोगहरुबाट जोगिन, **प्रतिजैविक औषधीको जथाभावी प्रयोग नगर्न, स्वास्थ्यकर्मीको सल्लाह बमोजिम प्रतिजैविक प्रतिरोध औषधिको सेवन गर्न, पशुपंछीमा सम्बन्धित पशु-स्वास्थ्यकर्मीको सल्लाह बमोजिम प्रतिजैविक औषधिको प्रयोग गर्न र स्वास्थ्यकर्मीहरुले पनि मापदण्ड तथा निर्देशिका बमोजिम प्रतिजैविक औषधीको सिफारिस गर्न** हार्दिक आव्हान गर्दछु ।

**(खेम बहादुर सारु)**
**मन्त्री**